# ९ येशू दोस्रो पटक महिमाको साथ आउनुभन्दा पहिले भइरहेको न्याय

*यस अध्यायका मूल पदहरू:* दानियल ७, उत्पत्ति ३:८-२०, २ तिमोथी २:१९, भजन ५१:४, भजन ९६:११-१३, २ कोरन्थी ५:१०।

*स्मरण गर्नुपर्ने पद:* " पृथ्वीका सबै राज्यहरूका शक्ति र महान्ता सर्वोच्च परमेश्वरका पवित्र जनहरूको हातमा दिइनेछ। उहाँको राज्य-शक्तिको कहिल्यै अन्त्य हुनेछैन र पृथ्वीका सबै शासकहरूले उहाँको सेवा गर्नेछन् र आज्ञापालन गर्नेछन्।" (दानियल ७:२७)।

येशूको मृत्यु र पुनरुत्थानपछि उहाँले हाम्रो निम्ति नयाँ काम सुरू गर्नुभएको थियो भनेर हिब्रूको पुस्तकले स्पष्ट रूपमा देखाएको छ। स्वर्गमा रहेको परमेश्वरको पवित्र मन्दिरमा उहाँ मूल पुजाहारी हुनुभएको थियो। परमेश्वरको अगमवक्ता दानियलले दानियल ७ र ८मा उल्लेख गरेका दर्शनहरूमा ख्रीष्टले इतिहासको कुनै समयमा हाम्रो निम्ति नयाँ काम स्वर्गको पवित्र मन्दिरमा सुरू गर्नुभएको थियो भनेर बताउँदछ। त्यो काम थियो छानविन वा न्याय। कहिलेकाहिँ त्यसलाई अङ्ग्रेजीमा "इस्काटोलोजिकल डे अभ आटोनमेन्ट" (eschatological Day of Atonement) भनिन्छ। इस्काटोलोजिकलको अर्थ संसारको अन्तको समय हो। त्यसलाई डे अभ आटोन्मेन्ट वा पश्चातापको दिन पनि भनिन्छ। संसारको पवित्र मन्दिरमा हुने शुद्धिकरणको दिन वा पश्चातापको दिनमा गरिने विधिले त्यस अन्तिम दिनलाई चित्रण गरेको पाइन्छ।

यस अध्यायको विषयवस्तु दानियल ७ अध्याय हो। त्यसमा दानियलले देखेका क्रमवद्ध राज्यहरू जसलाई चार पशुहरूले इङ्गित गरेको छ, तिनीहरूको बारेमा चर्चा गर्नेछौं। ती चार पशु वा राज्यहरू चार चक्रवर्ती राज्यहरूको प्रतिक हुन् जुन् दानियलले दानियल अध्याय २मा पनि वर्णन गरेका थिए: बेबिलोन (आधुनियक इराक), मिडपर्सिया, ग्रीस र रोम।

जब हामी तिनीहरूको बारेमा अध्ययन गर्छौं तब छानविन वा न्यायिक समय शुभ समाचार हो भनेर हामीले देख्नेछौं। किनभने हाम्रो

परमप्रभु परमेश्वर उहाँक जनहरूको निम्ति काम गर्नुहुन्छ। जब सारा जगत हेरिरहेका हुन्छन्, उहाँले आफ्नो जनहरूको पक्षमा न्याय गरिरहनुहुन्छ। अनि उहाँका जनहरूलाई उहाँको अनन्तको राज्यमा पस्न अनुमति प्रदान गर्नुहुन्छ। प्रभु येशूको अनुयायीहरू भएर उहाँका जनहरू हुनेहरूको आशा त्यही हो।

## १. दर्शन र न्याय (दानीयल ७:१०)

दानियल ७:१-१४मा के भइरहेको छ? हेर्नुहोस्: "१
बेबिलोनका राजा बेलसजरको पहिलो वर्षमा दानिएल आफ्नो ओछ्यानमा पल्टिरहँदा तिनले सपना र दर्शनहरू देखे। तिनले त्यस सपनाको सार
लेखे। २ दानिएलले भने, "मेरो दर्शनमा राती मैले हेरिरहँदा मेरो अगि आकाशका चार बतासहरूले ठूलो समुद्रलाई मन्थन गरिएका थिए। ३
एक-अर्काबाट फरक चार ठूला पशुहरू समुद्रबाट निस्के। ४
"पहिलोचाहिँ सिंहजस्तै थियो, र त्यसका पखेटाहरू चीलका जस्तै थिए। त्यसका पखेटाहरू नचुँड़ाएसम्म मैले हेरिरहें, र त्यो मानिसजस्तै दुई खुट्टाले उभिने गरी जमिनबाट उठ्यो र त्यसलाई एउटा मानिसको हृदय
दिइयो। ५ "अनि मेरो अगि दोस्रो पशु थियो, जुनचाहिँ भालूजस्तै देखिन्थ्यो। त्यसलाई शरीरको एकपट्टिबाट उठाइयो, र त्यसका मुखका दाँतहरूका बीचमा तीन वटा करङहरू थिए। त्यसलाई यस्तो आज्ञा
दिइयोः 'उठ् र खानसक्ने जत्ति मासु खा!' ६ "त्यसपछि मैले हेरें, र त्यहाँ मेरो अगि अर्को पशु थियो, जुनचाहिँ चितुवाजस्तै देखिन्थ्यो। अनि त्यसको पिठिउँमा चराको जस्तै चार वटा पखेटाहरू थिए। त्यस पशुका
चार वटा टाउकाहरू थिए, र त्यसलाई शासन गर्ने अधिकार दिइयो। ७
"त्यसपछि राती दर्शनमा मैले देखें र मेरो अगि भयङ्कर र डरलाग्दो र अत्यन्तै शक्तिशाली चौथो पशु थियो। यसका ठूला-ठूला फलामका दाँतहरू थिए। त्यसले आफ्नो शिकारलाई चकनाचूर पारी खाइदिन्थ्यो र बाँकी रहेकालाई खुट्टाले कुल्चीमिल्ची पार्थ्यो। अघिका पशुहरूभन्दा त्यो
फरक थियो र त्यसका दश वटा सीङहरू थिए। ८ "जसै म ती
सीङहरूका बारेमा विचार गर्दैथिएँ, मेरो अगि एउटा सानो सीङ थियो, जुनचाहिँ तिनीहरूमध्येबाट उम्रेको थियो, र पहिलेका सीङहरूमध्ये तीन वटाचाहिँ त्यसको सामु जरैसमेत उखेलिए। मानिसका आँखाजस्तै त्यस

सीङका आँखा थिए, र अहङ्कारी कुरा गर्ने त्यसको मुख थियो। ९ जसै मैले हेरें, सिंहासनहरू बसालिए, र अति प्राचीन आफ्नो सिंहासनमा बस्नुभयो। उहाँका लुगा हिउँजस्तै सेता थिए, उहाँको शिरको केश ऊनजस्तै सेतो थियो। उहाँको सिंहासनमा बलिरहेको आगोको ज्वाला थियो, र त्यसका चक्काहरूमा दन्केको आगो थियो। १० उहाँको सामुबाट आइरहेको आगोको एउटा नदी बगिरहेको थियो। हजारौं हजारले उहाँको सेवा गर्थे। दश हजार गुणा दश हजार उहाँको सामु उभिएका थिए। न्यायको निम्ति अदालतको बैठक बसेको थियो, र पुस्तकहरू खोलिए।

११ "तब यो सीङ बोलिरहेको अहङ्कारपूर्ण शब्दहरूको कारणले गर्दा मैले त्यसलाई हेर्दैरहें। त्यो पशु मारिएर त्यसको शरीर नष्ट पारी आगोको ज्वालामा नफ्याँकिएसम्म मैले हेर्दैरहें। १२ अरू पशुहरूको अधिकार खोसिएको थियो, तर केही समयको लागि तिनीहरूलाई बाँच्न दिइयो। १३ "राती मैले मेरो दर्शनमा हेरें, र त्यहाँ मेरो सामु आकाशका बादलका साथ आइरहनुभएको एक जना मानिसको पुत्रजस्तै हुनुहुन्थ्यो। उहाँ ती अति प्राचीनकहाँ आउनुभयो, र उहाँकै सामु उपस्थित गराइनुभयो। १४ उहाँलाई अधिकार, महिमा र सार्वभौमिक शक्ति दिइयो, र हरेक भाषा बोल्ने सबै मानिसहरू र जातिहरूले उहाँको आराधना गरे। उहाँको प्रभुत्व अनन्तसम्म रहने प्रभुत्व छ, जुनचाहिँ कहिल्यै टल्नेछैन, र उहाँको राज्य त्यो हो जुन कहिल्यै नष्ट हुनेछैन।"

परमेश्वरले दानियललाई देखाउनुभएको स्वप्नदर्शनमा चारवटा पशुहरूलाई उनले देखेका थिए। अनि चौठौं पशुको टाउकोमा भएका सिङ्गहरूको बीचमा अर्को सिङ्ग उब्रेको उनले हेरे। त्यो सानो सिङ्ग परमेश्वर र उहाँका जनहरूको मूल शत्रु भएर निस्केको थियो। अचानक अन्धकार पृथ्वीबाट दानियलको नजर स्वर्गको सिहाँसन भएको कोठा देखे। त्यहाँ चहकिलो दृष्य उनले देखे जहाँ न्याय भइरहेको थियो।

दानियलले देखेका सारा दर्शनको केन्द्रविन्दु न्यायालय थियो। त्यस न्यायलयमा दुई महत्त्वपूर्ण व्यक्तिहरू थिए। ती अति प्राचिन र मानिसको पुत्र थिए। स्वर्गदूतहरू त थिए नै। ती स्वर्गदूतहरू, न्यायमूर्तीहरूले गरिरहेको न्यायको प्रत्यक्ष्यदर्शी थिए। दानियलले देखेका दृष्यमा तिन चरण थिएः प्रथम त अदालतको दृष्य (पद ९,१०),

अनि यस संसारमा पशुको शक्तिको खिलाफमा गरिएको अन्तिम फैसलाको नतिजा (पद ११,१२), अनि अन्तमा सत्ताधिकार र राज्यलाई मानिसको पुत्रलाई हस्तान्तरण गरिएको (पद १३,१४)। अति प्राचिनको भनेर परमपिता सनातनको परमेश्वरलाई चित्रण गरिएको छ। उहाँ श्रेष्ठ, ज्ञानी शासक र न्यायमूर्ती हुनुभएको चित्रण छ। अनि येशूलाई "मानिसको पुत्र" भनेर सम्बोधन गरिएको छ। उहाँ स्वर्गको न्यायलयमा सारा मानिसहरूको प्रतिनिधित्व गरिरहनुभएको थियो। यस संसारमा हुँदा येशूले "मानिसको पुत्र" भनेर आफूलाई धेरै पटक सम्बोधन गर्नुभएको थियो। अनि कमसेकम दुई पटक त्यो सम्बोधनलाई दानियल ७को सन्दर्भमा उल्लेख गएको स्पष्ट छ (मत्ती २४:३०, मत्ती २६:६४)।

पश्चाताप वा शुद्धिकरणको दिनमा स्वर्गको मन्दिरमा भएको दृष्य देखाइएको थियो। सत्यतथ्यरूपमा भन्ने हो भने अति प्राचिनको सामु धुपको बादलले छोपेर स्वर्गको मूल पुजाहारी आउनुभएको दृष्य थियो। अनि पुस्तकहरू खोलिए(दानियल ७:१०)। स्वर्गको न्यायमा पुस्तकहरूले महत्त्वपूर्ण भाग खेल्दछन्। ती पुस्तकहरूमा "जीवनको पुस्तक" (भजन ६९:२८, फिलिप्पी ४:३, प्रकाश ३:५, प्रकाश १३:८, प्रकाश १७:८), "सम्झनाको पुस्तक" (मलाकी ३:१६), "मानिसहरूको क्रियाकलापको लेखा राखिएको" पुस्तक "प्रकाश २०:१२) र परमेश्वरको "पुस्तक" (प्रस्थान ३२:३२,३३, भजन ५६:८)।

**परमेश्वरले तपाईंलाई न्याय गरिरहनुभएको कल्पना गर्नुहोस्। तपाईंले गर्नुभएको सबै थोकको बारेमा उहाँले न्याय गर्नु भएको थियो भनेर कल्पना गर्नुहोस्। यदि तपाईंकै लेखा, काम, असल कर्म आदिको भरमा तपाईंको न्याय हुन्छ भने तपाईंको आशा के हुन्छ? तर न्यायको समयमा तपाईंको निम्ति एउटैमात्र आशा के छ?**

## २. न्यायको ढाँचा (उत्पत्ति ३:८-२०)

परमेश्वरले निर्णय लिनुभन्दा अगाडि उहाँले के गर्नुहुन्छ? हेर्नुहोस्, उत्पत्ति ३:८-२० "८अनि साँझपख परमप्रभु परमेश्वर बगैंचामा डुल्दैहुनुहुँदा तिनीहरूले उहाँको सोर सुने, र मानिस र उनकी पत्नी

बगैंचाका रूखहरूका बीचमा परमप्रभु परमेश्वरको नजरबाट लुके। ९ तर परमप्रभु परमेश्वरले मानिसलाई बोलाउनुभयो, “तँ कहाँ छस्?”

१० उनले भने, “मैले तपाईंको सोर बगैंचामा सुनें र म डराएँ, किनभने म नाङ्गै थिएँ, र म लुकें।” ११ उहाँले सोध्नुभयो, “तँ नाङ्गै छस् भनेर कसले भन्यो? जुन रूखको फल नखानू भनी मैले तँलाई आज्ञा दिएको थिएँ के तैंले त्यो खाइस् ?’ १२ मानिसले भने, “जुन स्त्री तपाईंले मलाई मसँगै रहन भनी दिनुभएको थियो, त्यसैले मलाई त्यो रूखको फल दिई र मैले खाएँ।” १३ अनि परमप्रभु परमेश्वरले स्त्रीलाई भन्नुभयो, “तैंले यो के गरिस्।” स्त्रीले भनिन्, “सर्पले मलाई छल गऱ्यो, र मैले त्यो खाएँ।” १४ तब परमेश्वरले सर्पलाई भन्नुभयो, “तैंले यसो गरेको हुनाले, “तँ सबै पालिने पशुहरू र सबै वन-पशुहरूभन्दा ज्यादा श्रापित हुनेछस्। पेटद्वारा तँ हिंड्नेछस् र तेरो जीवनभरि तैंले माटो खानेछस्। १५ तेरो र स्त्रीको बीचमा, र तेरो सन्तान र स्त्रीको सन्तानको बीचमा म दुश्मनी हालिदिनेछु। त्यसले तेरो शिर कुच्च्याउनेछ, र तैंले त्यसको कुर्कुच्चो डस्नेछस्।” १६ स्त्रीलाई उहाँले भन्नुभयो, —तेरो सुत्केरी-वेदना म ज्यादै गरी बढ़ाइदिनेछु। दुःखसँग तैंले बालक जन्माउनेछस्। तेरो इच्छा पतितर्फ नै हुनेछ,

र त्यसले तँलाई अधीनमा राख्नेछ।” १७ त्यसपछि आदमलाई उहाँले भन्नुभयो, “तैंले तेरी पत्नीको कुरा सुनेर मैले नखानू भनेको रूखको फल खाएको हुनाले, “भूमि तेरो कारण श्रापित भएको छ। तेरो जीवनभरि दुःखसँग त्यसको उब्जनी तैंले खानेछस्।

१८ त्यसले तेरो निम्ति काँढ़ा र सिउँड़ीहरू उमार्नेछ, र तैंले खेतको सागपात खानेछस्। १९ माटोमा नफर्कुञ्जेल तेरो निधारको पसीनाले कमाएको भोजन तैंले खानेछस्। किनकि माटैबाट तँ निकालिएको थिइस्। तँ माटै होस् र माटैमा फर्किजानेछस्।” २० आदमले आफ्नी पत्नीको नाउँ हव्वा राखे, किनभने सबै जीवितहरूकी आमा तिनी नै हुन्।"

छानविन न्यायको अवधारणा बाइबलबाट नै आएको छ। जब परमेश्वरले न्याय गर्ने प्रणालीमा पहिले खोजतलास गर्नुहुन्छ। यो बाइबलमा उल्लेख गरिएको छ। परमेश्वरले त्यसप्रकारले गर्नुभएको न्यायिक फैसलाको प्रथम् उदाहरण उत्पत्ति ३मा उल्लेख गरिएको छ।

परमेश्वरले आफ्नो निर्णयलाई सुनाउनुभन्दा पहिले आदम र हवालाई सोधपूछ गर्नुहुन्छ (उत्पत्ती ३:८-१९)। कैनको मामिलामा पनि परमेश्वरले त्यहि तरिका अपनाउनुभएको थियो (उत्पत्ति ४), बाबेल धरहराको सन्दर्भमा (उत्पत्ति ११) र सोडोमलाई नाश गर्नुभन्दा पहिले (उत्पत्ति १८),१९)। इस्रायलका न्यायकर्ताहरूले पनि त्यही तरिका अपनाओस् भन्ने परमेश्वरको चाहना थियो। उहाँले न्यायकर्ताहरूलाई यो निर्देशन दिनुहुन्छ "पहिले मानिसहरूलाई सोधपूछ गर" र "जे भएको छ त्यसमा पहिले राम्रोसँग छानबिन गर" (व्यवस्था १३:१४ र १९:१८)।

होशियारपूर्वक गरिएको छानविनमा राम्रो सोच पुऱ्याउनुपर्दछ र त्यो न्यायोचित हुनुपर्दछ। यो प्रायजसो सार्वजनिक हुन्छ। आफूले जे गरिरहनुभएको छ त्यो अरूलाई पनि परमेश्वरले देखाउनुहुन्छ। त्यस तरिका अपनाउँदा परमेश्वरले जे निर्णय गर्नुहुन्छ त्यो निर्णय अति न्यायोचित र उचित भएको मानिसहरूले देख्दछन् र उहाँको न्यायमा ढुक्क हुन्छन्। ठिक त्यसैकारणले दानियल ७मा देखिएको न्यायअदालतको दृष्यमा पुस्तकहरूको आवश्यकता भएको थियो। परमेश्वरले सजिलैसँग सम्झोस् भनेर ती पुस्तकहरू त्यहाँ थिएनन्। तर परमेश्वरको वरिपरि रहेका स्वर्गका जीवनहरूको हितको निम्ति ती पुस्तकहरू थिए। परमेश्वरलाई जस्तो तिनीहरूलाई सबै थोकहरू थाहा छैन।

**सन्त वा परमेश्वरका परमभक्तहरूको न्याय कसरी गरिएको थियो? हेर्नुहोस्, दानियल ७:२२, "जबसम्म ती अति प्राचीन आएर सर्वोच्चका पवित्र जनहरूको पक्षमा इन्साफको घोषणा गरे, अनि समय आयो जब तिनीहरूले राज्य अधिकार गरे।"**

परमेश्वरले गर्नुहुने न्यायको बारेमा चर्चा गर्दा एलेन जी ह्वाइटले यसरी वाख्या गर्नुहुन्छ "परमेश्वरका जनहरू फोहरी पोसाक लगाएर उहाँको सामु उभिरहन्छन्। खीष्ट तिनीहरूको प्रभु र उद्धारकर्ता हुनुभएकोमा तिनीहरू उहाँको अगाडि अति नम्र हुनुपर्छ र तिनीहरूले आआफ्ना हृदयहरू होशियारसाथ खोतल्नुपर्दछ। जो भक्तहरू परमेश्वरको सत्यज्ञानलाई जानेर त्यसलाई पालन गर्दछ तिनीहरू आफ्नो बारेमा अत्यन्त विनयशील वा निरभिमान धारणा हुन्छ।...जब हामीहरू

हाम्रो पापको अवस्थालाई महसूस गर्छौं तब हामीहरू ख्रीष्टमा भरपर्नुपर्छ जो हाम्रो धार्मकता र उद्धारकर्ता हुनहुन्छ। सैतानले हाम्रो खिलाफमा लगाएका दोषहरूको जवाफ हामी दिन सक्दैनौं। हाम्रो लागि ख्रीष्टले गर्नुहुने वकालत वा विन्तिमात्र पक्का पक्की छ। हामीहरूको असल कामको आधारमा वा असल चरित्रको आधारमा होइन बरू आफ्नै काम र चरित्रको आधारमा सैतानले ल्याउने दोषहरूलाई उहाँले चुपचाप पार्नुहुन्छ।"- एलेन जी ह्वाइट, टेस्टिमोनिज फर द चर्च, ठेली ५, ४७१,४७२ बाट रूपान्तरित।

**हाम्रो निम्ति परमेश्वरले गर्नुहुने न्यायमा डर मान्नुपर्दैन बरू त्यो त असल समाचार पो रहेछ भनेर माथि व्यक्त गरेका शव्दहरूले हामीलाई कसरी बुझाउँछन्?**

## ३. न्यायको समय

**दानियल ७मा उल्लेख गरिएको अनुसार न्याय कहिले हुन्छ?** हेर्नुहोस् दानिय ७:७-१०, २१-२५ "७ "त्यसपछि राती दर्शनमा मैले देखें र मेरो अगि भयङ्कर र डरलाग्दो र अत्यन्तै शक्तिशाली चौथो पशु थियो। यसका ठूला-ठूला फलामका दाँतहरू थिए। त्यसले आफ्नो शिकारलाई चकनाचूर पारी खाइदिन्थ्यो र बाँकी रहेकालाई खुट्टाले कुल्चीमिल्ची पार्थ्यो। अघिका पशुहरूभन्दा त्यो फरक थियो र त्यसका दश वटा सीङहरू थिए। ८ "जसै म ती सीङहरूका बारेमा विचार गर्दैथिएँ, मेरो अगि एउटा सानो सीङ थियो, जुनचाहिँ तिनीहरूमध्येबाट उम्रेको थियो, र पहिलेका सीङहरूमध्ये तीन वटाचाहिँ त्यसको सामु जरैसमेत उखेलिए। मानिसका आँखाजस्तै त्यस सीङका आँखा थिए, र अहङ्कारी कुरा गर्ने त्यसको मुख थियो। ९ जसै मैले हेरें, सिंहासनहरू बसालिए, र अति प्राचीन आफ्नो सिंहासनमा बस्नुभयो। उहाँका लुगा हिउँजस्तै सेता थिए, उहाँको शिरको केश ऊनजस्तै सेतो थियो। उहाँको सिंहासनमा बलिरहेको आगोको ज्वाला थियो, र त्यसका चक्काहरूमा दन्केको आगो थियो। १० उहाँको सामुबाट आइरहेको आगोको एउटा नदी बगिरहेको थियो। हजारौं हजारले उहाँको सेवा गर्थे, दश हजार गुणा दश हजार उहाँको सामु उभिएका थिए। न्यायको निम्ति अदालतको बैठक बसेको थियो, र पुस्तकहरू खोलिए। ११ "तब यो सीङ

बोलिरहेको अहङ्कारपूर्ण शब्दहरूको कारणले गर्दा मैले त्यसलाई हेर्दैरहें।
त्यो पशु मारिएर त्यसको शरीर नष्ट पारी आगोको ज्वालामा
नफ्याँकिएसम्म मैले हेर्दैरहें। १२ अरू पशुहरूको अधिकार खोसिएको
थियो, तर केही समयको लागि तिनीहरूलाई बाँच्न दिइयो। १३ "राती
मैले मेरो दर्शनमा हेरें, र त्यहाँ मेरो सामु आकाशका बादलका साथ
आइरहनुभएको एक जना मानिसको पुत्रजस्तै हुनुहुन्थ्यो। उहाँ ती अति
प्राचीनकहाँ आउनुभयो, र उहाँकै सामु उपस्थित गराइनुभयो। १४
उहाँलाई अधिकार, महिमा र सार्वभौमिक शक्ति दिइयो, र हरेक भाषा
बोल्ने सबै मानिसहरू र जातिहरूले उहाँको आराधना गरे। उहाँको
प्रभुत्व अनन्तसम्म रहने प्रभुत्व छ, जुनचाहिँ कहिल्यै टल्नेछैन, र उहाँको
राज्य त्यो हो जुन कहिल्यै नष्ट हुनेछैन। १५ "म, दानिएल, आत्मामा
बेचैन भएँ, र मैले पाएका दर्शनहरूले मलाई विचलित तुल्याए। १६
त्यहाँ उभिएकाहरूमध्ये एक जनाकहाँ म गएँ र यी सबै कुराको सत्य
अर्थ बताउन अनुरोध गरें। "यसकारण उनले मलाई यी कुराको अर्थ
बताइदिए: १७ 'चार ठूला पशुहरूचाहिँ पृथ्वीमा खड़ा हुने चार राज्यहरू
हुन्। १८ तर सर्वोच्चका पवित्र जनहरूले यो राज्य पाउनेछन् र
सदासर्वदाको लागि अधिकार गर्नेछन्– हो, सदासर्वदाको लागि'। १९ "तब
मैले त्यो चौथो जनावरको साँचो अर्थ जान्न चाहें, जुनचाहिँ फलामका दाँत
र काँसाका नङ्ग्रा भएको अरूभन्दा फरक र अत्यन्तै डरलाग्दो थियो–
त्यो जनावर जसले आफ्नो शिकारलाई चपाएर खाइदियो र बाँकी
रहेकालाई खुट्टाले कुल्चीमिल्ची पाऱ्यो। २० मैले त्यसको टाउकोमा
भएका दश सीङका बारेमा र त्यहाँबाट निस्केको अर्को सीङको बारेमा
पनि जान्न चाहें, जसको सामु तीमध्ये तीन वटा सीङ झरे– त्यो सीङ जो
अरूभन्दा प्रभावशाली देखिन्थ्यो र जसका आँखा र अभिमानपूर्ण कुरा गर्ने
मुख थिए। २१ जसै मैले हेरें, त्यो सीङ पवित्र जनहरूका विरुद्ध लड़ाइँ
गर्दैथियो र तिनीहरूलाई परास्त गर्दैथियो, २२ जबसम्म ती अति प्राचीन
आएर सर्वोच्चका पवित्र जनहरूको पक्षमा इन्साफको घोषणा गरे, अनि
समय आयो जब तिनीहरूले राज्य अधिकार गरे २३ "तिनले मलाई यसरी
बताए: 'चौथो जनावरचाहिँ पृथ्वीमा देखा पर्ने चौथो राज्य हो। योचाहिँ
अरू राज्यहरूभन्दा फरक हुनेछ र समस्त पृथ्वीलाई कुल्चीमिल्ची पारी
निल्नेछ। २४ दश सीङहरू त्यस राज्यबाट आएका दश राजाहरू हुन्।

**त्यसपछि पहिलेको भन्दा फरक, अर्को राजा खड़ा हुनेछ। उसले तीन राजाहरूलाई दबाउनेछ। २५ उसले सर्वोच्चको विरुद्धमा बोल्नेछ र उहाँका पवित्र जनहरूलाई अत्याचार गर्नेछ र ठहऱ्याइएका समय र व्यवस्थाहरू फेर्न प्रयत्न गर्नेछ। पवित्र जनहरू साढ़े तीन वर्षसम्म* उसको हातमा सुम्पिइनेछन्। २६ "तर अदालत बस्नेछ, र त्यसको अधिकार खोसिनेछ र सदाको निम्ति पूर्ण रूपले नाश गरिनेछ। २७ तब सम्पूर्ण स्वर्गमुनिका राज्यहरूको सार्वभौमिकता, शक्ति र महानता सर्वोच्चका मानिसहरू, अर्थात् पवित्र जनहरूलाई दिइनेछ। उहाँको राज्य अनन्तको राज्य हुनेछ, र सबै शासकहरूले उहाँको आराधना र आज्ञापालन गर्नेछन्।"**

दानियलले देखेका दुवै दर्शनहरू र स्वर्गदूतले वाख्या गरेको दृष्यमा सानो सिङ्गले दावी गरेका दावीहरूलाई परमेश्वरले निर्णायित्मक फैसला दिनुभएको प्रकट गरिएको थियो। परमेश्वरका सन्तहरूलाई राज्य दिइसकेपछि दानियलले पाएका दर्शन र त्यसको वाख्या अन्त भएको थियो। सानो सिङ्गले नियन्त्रण गरिरहेकै बेलामा न्याय भइरहेको थियो भनेर बाइबलले वर्णन गर्दछ (दानियल ७:८,९)। जब फैसला गर्न स्वर्गको अदालतमा अदालत बस्दछ तब त्यस सिङ्गको नियन्त्रण खोसिएको थियो। जब अदालतमा फैसला सुनाइयो तब संसारका सारा राज्यहरूको नाश भएको थियो (दानियल ७:२६)।

येशूको दोस्रो आगमन पहिले न्याय हुनुपर्छ भनेर त्यसले स्पष्ट रूपमा सिकाउँदछ। "समय, समय, आदि समय" (पद २५)को अन्त हुने न्याय येशूको आगमन भन्दा पहिले हुने न्यायको सुरुवात हो। (समय-१ वर्ष, समयहरू-२ वर्ष, आदि समय-आदि वर्ष। अर्थात् ३ १/२ वर्ष। ई.सन् ५३८देखि १७९८ सम्म भएको रोमन क्याथोलिक चर्चको विगिविगि वा बाइबल र बाइबललाई मान्ने मात्र विश्वासीहरूलाई पोपले थिचोमिचो गर्ने १२६० वर्षको ऐतिहासिक युग। फ्रान्सको क्रान्तीको हाराहारीमा पोपलाई समातिएको थियो र त्यसको विश्वव्यापी राज्यको अन्त भएको थियो। त्यसको लगत्तै अनेकौं संस्थाहरू खोलेर मानिसहरूले बाइबललाई खुला रूपमा प्रकाशन र वितरण गरिएको थियो। जबसम्म पोपको आधिपत्य थियो तब सम्म सर्वसाधारण जनताहरूलाई बाइबल पढ्न र त्यसको वाख्या गर्न मनाही गरिएको

थियो।-अनुवादकको टिप्पणी)। यदि येशू आउनुभन्दा पहिले नै न्याय नसकिएको भए उहाँ आउनुभन्दा पहिला को धर्मी र को अधर्मी भनेर कसरी छुट्टिन्छ र? त्यसकारण उहाँ आउनुभन्दा पहिला सबैको फैसला भइसक्छ भन्ने सेभेन्थ-डे एडभेन्टिस्टको धारणा मनासिव देखिन्छ।

येशू ख्रीष्ट दोस्रो पटक आउनुहुन्छ तब परमेश्वरको भक्तजन अर्थात् सन्तहरूले इनाम पाउनेछन्। त्यसको अर्थ परमेश्वरको भक्तजन को हो र को होइन भनेर अगावै निर्णय भइसकेको हुन्छ भनेर देखाउँछ। येशूको दोस्रो आगमनमा दुष्ट अर्थात् पापी दुराचारीहरू जो सैतानको पक्षमा उभिन्छन् तिनीहरूलाई छुट्याइसकेको हुनाले तिनीहरूलाई र सैतानलाई हजार वर्षसम्म सारा जगतसामु तिनीहरूको चर्तिकलालाई छर्लङ्ग पार्न तिनीहरूको न्याय हुनेछ र अन्तमा परमेश्वरले आखिरि न्याय गर्नुहुनेछ जब सैतान र उसका मतियारहरूको सदासर्वदाको निम्ति ध्वस्त हुनेछ (प्रकाश २०)।

**परमेश्वरले न्याय गर्नु किन आवश्यक छ, के उहाँको को हो भनेर उहाँलाई थाहा छैन र? हेर्नुहोस् २ तिमोथी २:१९, "तर परमेश्वरको दृढ़ जग खड़ै रहन्छ, र त्यसमा यो छाप लागेको छ, "प्रभुले आफ्ना जतिलाई चिन्नुहुन्छ," र "प्रभुको नाउँ लिने जति हरेक अधर्मबाट टाढ़ै रहोस्।"**

सर्वज्ञानी, सर्वव्यापी र सर्वनजर राख्ने परमेश्वरलाई उहाँका जनहरू को हुन् भनेर उहाँलाई थाहा छ। कसले उद्धार पाउँछ र कसले पाउँदैन भनेर उहाँले फैसला दिनइरहनुपर्दैन। तर येशूको आगमन पूर्व भइरहने न्यायले न्यायमुर्ती उहाँका जनहरूलाई उचित न्याय गर्नुहुन्छ भनेर देखाउन सारा जगतसामु देखाउन चाहनुहुन्छ। स्वर्ग र जगतमा भएका जीवहरूलाई यो निश्चय पार्न कि परमेश्वरका सच्चा भक्तजनहरूले मुक्ति पाउन योग्य छ र तिनीहरूको स्थान सुरक्षित छ। तिनीहरूसँग ती जगतका जीवहरू सदासर्वदा सँगसँगै रहनेभएको हुनाले तिनीहरूको चासो ती मुक्तिपाएकाहरूप्रति चासो हुनु स्वभाविकै देखिन्छ। जब हामी न्यायको अर्थको बारेमा बुझ्न प्रयास गर्छौं तब यो पनि मनमा राख्नुपर्छ कि येशू र सैतानको बीचमा मतभेदको महान् द्वन्दयुद्ध चर्किरहेको छ। स्वर्गदूतहरूले स्वर्गको अदालतमा भइरहेको न्यायलाई हेरिरहेको हुँदा ती पदहरूले त्यस युद्धको बारेमा सुइको

दिन्छ। परमेश्वरले तर्जुमा गर्नुभएको मुक्तिको योजनाको नतिजा कस्तो हुने होला भनेर ती स्वर्गदूत र अरू जीवनहरूले उत्सुकतापूर्वक हेरिरहेको कुरालाई हामी विर्सनुहुन्न।

**"परमेश्वरलाई थाहा छ उहाँका जनहरू को हुन् भनेर"। तपाईं पनि उहाँको जनहरूमा समावेश हुनुभएको छ भनेर कसरी निश्चित हुने? के उपाय अपनाउँदा तपाईं उहाँको हुनुहुन्छ भनेर यकिन हुने? हेर्नुहोस्, रोमन ८:१ "यसकारण अब ख्रीष्ट येशूमा भएकाहरूलाई दण्डको आज्ञा छैन।"**

## ४. जब न्यायको अन्त हुन्छ (दानियल ७लाई फेरि नियाल्नुहोस्)

**दानियल ७लाई फेरि पल्टाएर पढ्नुहोस्। येशूको दोस्रो आगमन पूर्व हुने न्यायका नतिजाहरू के के हुन्?**

**वर्तमान विश्वको इतिहासलाई अन्त गर्ने परमेश्वरको अदालती कार्यवाही अर्थात् न्याय गरिसकेपछि केही महत्त्वपूर्ण कामहरूको कार्यान्वन हुनेछः**

१. मानिसको पुत्रलाई मुकुट पहिऱ्याइदिनेछ। अनि "उहाँले सबैमाथि अधिकार पाउनुहुनेछ, उहाँले महिमा तथा शक्ति र राज्य पाउनुहुनेछ" दानियल ७:१४ रूपान्तरित)।

२. परमेश्वरका भक्तजन अर्थात् सन्तहरूले सदासर्वदा शासन गर्न पाउनेछन्। परमेश्वरको राज्य (दानियल ७:२२) पाउने सन्तहरूको निम्ति परमेश्वरले गर्नुहुने न्याय उपयोगीशिद्ध हुनेछ। मानिसको पुत्र र भक्तजनहरूको बीचमा अति घनिष्ट सम्बन्ध भइरहेको हुन्छ। जब मानिसको पुत्रले राज्य पाउनुहुनेछ तब उहाँमा सम्मिलित हुन उहाँले उहाँका परमभक्त जन अर्थात् सन्तहरूलाई आमन्त्रण गर्नुहुनेछ। उहाँको राज्य तिनीहरूको राज्य हुनेछ (दानियल ७:२७)। परमेश्वरले गर्नुहुने न्यायले त्यस समयलाई अग्रसर गराउनेछ जब सनातन राज्यको राजा उहाँका जनहरूसँग पुनर्मिलन गराउँछ। यो नै उहाँको र उहाँका जनहरूको अति उच्च इनाम हो।

३. परमेश्वरको खिलाफ वा उहाँको अस्तित्वमाथि हाँक दिएर गरिरहेको युद्ध समाप्त हुनेछ। सदासर्वदाको निम्ति सैतान र उसका मतियारहरूको ध्वस्त हुनेछ। परमेश्वरसँग भिड्न चाहने विद्रोहको आगो

सदाको निम्ति निभिने छ। परमेश्वरका जनहरूका बैरीहरूले परमेश्वरबाट तिनीहरूको भविष्य निर्धारण हुने अन्तिम फैसला सुन्नेछन्। सानो सिङ्गले (जो आफूलाई यस संसारमा ख्रीष्टको प्रतिनिधित्व गर्ने भनेर उनीप्रतिभन्दा येशूप्रति बफादारी हुनेहरूलाई सास्ति दिएका थिए) परमेश्वरका सन्तहरूसँग युद्ध गरिसकेपछि त्यसलाई हराउनेछ र सदाको निम्ति नाश हुनेछ (दानियल ७:२५,२६)।

४. परमेश्वरको पूरा इन्साफ सबैको सामु देखाइनेछ। स्वर्गको अदालतमा हुने न्यायको फैसला सार्वजनिक रूपमा सुनुवाई हुनेछ। परमेश्वरले कस्तो खालको न्याय गर्नुहुनेछ भनेर सारा स्वर्गदूत र जगतका जीवहरूले हेरिरेहको उत्सुकता मेटिनेछ। परमेश्वरले गर्नुहुने फैसला उचित र न्यायोचित छन् भनेर सबैले देख्न पाउनेछन्। उहाँ प्रेमिलो, धर्मात्मा, पवित्र र आफ्ना व्यवस्थालाई निरन्तरता दिने परमेश्वर हुनुहुन्छ भनेर पुष्टि हुनेछ। अन्तमा सैतानले परमेश्वरको नाउँको खिलाफमा लगाएका सबै आरोपहरूको सफाई हुनेछ। परमेश्वर प्रेमिलो र न्यायोचित हुनुहुन्छ भनेर सारा जगतले स्वीकार्नेछन्। सारा जगत सदासर्वदाको निम्ति सुरक्षित हुनेछ भनेर माथिका क्रियाकलापहरूले अनुमोदन गर्नेछन् (भजन ५१:४, रोमी ३:४)।

येशूको दोस्रो आगमन पूर्व हुने न्यायले परमेश्वर र विश्वासीहरूका आशाहरूलाई पूरा गर्नतिर लानेछ। परमेश्वरको प्रेम र उहाँको न्यायप्रति कसैले शङ्का नगरोस् भन्ने चाहनाको साथै उहाँका जनहरूले मोक्ष वा मुक्ति पाउन् र सदासर्वदाको निम्ति पाप मेटियोस् भन्ने उहाँको परम इच्छा हो। पापबाट सदाको निम्ति मुक्ति पाउने हाम्रो परम चाहना त्यसबेला सत्यसावित हुनेछ। हामीलाई अति प्रेम गर्नुहुने परमेश्वरको सामु रहेर सदासर्वदा हामीले अनन्त जीवनको आनन्दलाई उपभोग गर्न पाउनेछौं। त्यसकारण अनन्त जीवन पाउन र परमेश्वर र उहाँको सृष्टिको बीचमा भरपर्दो सम्बन्धको ग्यारेन्टी वा वचनवद्धता परमेश्वरले गर्नुहुने न्यायले दिनेछ।

"परमेश्वर र सैतानको बीचमा भइरहेको महान् मतभेदको संग्राम सदाको निम्ति अन्त हुन्छ। पाप र पापीहरूको अस्तित्व समाप्त हुनेछ। सारा जगत शुद्ध र चोखो हुनेछ। शान्ति, एकता र हर्षोल्लासको बातावरणले सारा सृष्टि ढाकिनेछ। सारा सृष्टिको सृजना गर्नुहुने

परमेश्वरबाट सारा जगतभरि जीवन, उज्यालो र हर्षको प्रवाह हुनेछन्। सुक्ष्म अणुदेखि संसारका भव्य वस्तु, सारा थोक चाहे जीवित होस् वा अजीवित वस्तुहरू होस्, आफ्नो पूर्ण सौन्दर्यता र पूर्ण आनन्दको साथ तिनीहरूले परमेश्वरको प्रेमको घोषणा गर्नेछ।"-एलेन जी ह्वाइट, द ग्रेट कन्त्रोभर्सी, पृ. ६७८बाट रूपान्तरित।

## ५. जिम्मेवारीपूर्ण आश्वासन तथा आस्था (भजन ९६:११-१३)

सारा सृष्टि आनन्दले भारविभोर हुनुको कारण के हो? हेर्नुहोस्, **भजन ९६:११-१३ "११ स्वर्ग आनन्दित होस्, र पृथ्वी रमाओस्, समुद्र र त्यसमा भएका सबै थोकले हर्षनाद गरून्। १२ खेत र त्यसमा भएका सबै कुरा उल्लसित होऊन्। तब जङ्गलमा भएका वृक्षहरू आनन्दले गाउनेछन्, १३ तिनीहरू परमप्रभुको सम्मुख गाउनेछन्, किनकि उहाँ आउनुहुन्छ, उहाँ पृथ्वीको न्याय गर्न आउनुहुन्छ। उहाँले संसारको न्याय धार्मिकतामा, र मानिसहरूको न्याय आफ्नो सत्यतामा गर्नुहुनेछ।"**

"प्रभु मलाई न्याय गर्नुहोस्" भनेर कोही किन कराउँछ (भजन ७:८ रूपान्तरित)? त्यसको जवाफ सरल छ। न्यायको अर्थ अन्यायबाट राहत पाउनु वा मुक्ति पाउनुः "१ हे परमेश्वर, तपाईंको नाउँले मलाई बचाउनुहोस्, र तपाईंको पराक्रमले मलाई निर्दोष साबित गरिदिनुहोस्।" (भजन ५४:१)। त्यही सन्दर्भमा भजन २६ पनि न्याय र धार्मिकताको निम्ति दाउदले गरेको मार्मिक विन्ति पनि उल्लेखनीय छ। परमेश्वर न्यायमूर्ती हुनुहुन्छ, उहाँमा बफादारी हुनेहरूसँग उहाँ सदासर्वदा सँगै हुनुहुन्छ र उहाँका जनहरूकै चाहना बमोजिम न्याय हुन्छ भनेर दाउदले अत्यन्त सौहार्दपूर्वक आफ्ना भावनाहरू व्यक्त गर्दछन् (भजन ३५:२४, भजन ४३:१)। न्यायले निर्दोष सावित गर्नेभएकोले नयाँ जीवनको निम्ति सुरुवात गर्दछ।

त्यसकारण के येशूको दोस्रो आगमन पूर्व हुने न्याय वा भइरहेको न्यायले हाम्रो मुक्तिलाई जोखिममा पार्छ त? अहँ, पार्दैन। किनभने त्यस न्यायको नतिजा निश्चित छ। त्यो न्याय परमेश्वरका जन अर्थात् सन्तहरूको पक्षमा हुन्छ ((दानियल ७:२२)। परमेश्वरले गर्नुहुने न्यायले हामीहरूको क्षमा सुरक्षित हुन्छ, हामीहरूको विश्वास बढ्छ र

सदाको निम्ति हाम्रा पापहरू मेटिनेछ भन्ने कुरामा हामी विश्वस्त हुनसक्छौं।

यथार्थमा न्याय त्यो अर्को ज्वलन्त उदाहरण हो जुन् हामीले पाउनुपर्ने मुक्ति सुरक्षित भएको देखाउँछ। न्यायको समय भनेको त्यो होइन जब परमेश्वरले हामीलाई स्वीकार गर्ने वा इन्कार गर्ने। बरू हामीले सत्यरूपमा उहाँलाई ग्रहण गरेको छ कि छैन भन्ने हाम्रो निर्णयलाई उहाँले अन्तिम फैसला न्यायको समयमा हुन्छ। हामीहरूको क्रियाकलापले हामीहरूको निर्णय वा रोजेको कुरालाई प्रमाणित गर्दछ।

विश्वासीहरूको निम्ति न्यायले उसको विश्वास वा आस्था अझ भरपर्दो बनाउँछ। यथार्थमा भन्ने हो भने इसाई आस्थाको शिक्षादिक्षाको केन्द्रविन्दु नै परमेश्वरले गर्नुहुने न्यायप्रणाली हो।

**न्यायप्रति सचेत हुने हाम्रो विश्वासले हामीहरूको जीवनशैलीमा कसरी असर पार्नुपर्दछ? हेर्नुहोस्ः रोमी १४ः१०-१२ "तिमी किन आफ्नो भाइको इन्साफ गर्छौ ? अथवा तिमी आफ्नो भाइलाई किन तुच्छ ठान्छौ ? किनभने हामी सबै परमेश्वरका न्याय-आसनको सामने खड़ा हुनेछौं। ११ किनकि लेखिएको छ, "प्रभु भन्नुहुन्छ, 'जस्तो म जीवित छु, प्रत्येक घुँड़ा मेरो सामने टेकिनेछ, र हरेक जिब्रोले परमेश्वरको प्रशंसा गर्नेछ'।" १२ यसैले हामी हरेकले परमेश्वरलाई आफ्नो लेखा दिनेछौं।" र २ कोरन्थी ५ः१० " किनकि हामी सबै ख्रीष्टका न्याय-आसनको सामुन्ने खड़ा हुनुपर्छ, यसरी शरीरमा हुँदा आफूले गरेबमोजिम हरेकले असल वा खराब प्रतिफल पाउनेछ।"**

ख्रीष्टका धर्मीजनहरू न्यायमुक्त हुन्छ भनेर बाइबलले सिकाउँदैन। बरू न्यायले धर्मीहरूलाई सफाई दिलाउँछ र तिनीहरूमा भएका पापहरू सदासर्वदाको निम्ति हटिजानेछन्। तर न्यायको सोचले विश्वासी वा येशूभक्तहरूलाई जिम्मेवारीपूर्ण जीवन बिताउन उत्साह प्रदान गर्छ। मुक्तिपाउने आश्वासन वा कबूलले येशूका भक्तहरू पवित्र तथा धार्मिक जीवन बिताउने मूल कारण हुनुपर्दछ। परमेश्वरले हामीलाई धेरै सदाशयता देखाउनुभयो, हाम्रो निम्ति धेरै थोक गर्नुभयो, त्यसलाई आत्मसात गर्ने क्षमताले गर्दा उहाँलाई हामी प्रेम गर्दछौ। अनि उहाँले हामीलाई के गरेको चाहनुहुन्छ त्यसलाई शिरोपर गरि त्यस

प्रेमलाई हामीले प्रकट गर्दछौं। सबै थोकमा बफादारी भएर परमेश्वरप्रतिको हाम्रो प्रेम दर्शाउँछौं।

**हुनसक्छ कोही विश्वासीमित्र परमेश्वर र न्यायप्रति त्रसित होला। न्यायको सुसमाचारको बारे त्यसलाई तपाईंले कसरी सम्झाउने र उनलाई उनको मुक्ति सुरक्षित छ भनेर कसरी चित्त बुझाउने?**

## उपसंहार

**थप जानकारीः “स्वर्गको** पवित्र मन्दिरमा रहनुहुने परमेश्वरले उचित वा धार्मिकतासाथ न्याय गर्नुहुन्छ। उहाँको सिहाँसन वरिपरि रहने स्वर्गदूतहरूप्रति भन्दा संसारको पापको चक्रव्युहसंग संघर्ष गरिरहने उहाँका जनहरूप्रति प्रसन्न हुनुहुन्छ।"-एलेन जी ह्वाइट, *क्राइष्ट अबजेक्ट लेसनस्,* पृ. १७६बाट रूपान्तरित।

“परमेश्वरका जनहरूलाई कस्तो पापमा फसाइरहेको छ भन्ने स्पष्ट ज्ञान सैतानमा छ। तिनीहरूको पापले गर्दा परमेश्वरको सुरक्षामा हुने अधिकारबाट तिनीहरू हटिसक्यो भनेर सैतानले तिनीहरूको खिलाफमा दोष लगाउँछ। तिनीहरूले पाप गरेको कारण अब तिनीहरू उसको चङ्गुलमा परेका छन् र तिनीहरूलाई नाश गर्न उसले अधिकार पाएको छ भनेर पनि सैतानले दावी गर्छ। जसरी आफूलाई परमेश्वरले बहिष्कार गर्नुभयो त्यसरी नै तिनीहरू पनि उहाँबाट बहिष्कृत हुन उपयुक्त हुन पुगेको छ भनेर उसले हुँकार गर्दछ। ...हो, ख्रीष्टका जनहरूले पाप गर्लान् तर तिनीहरू सैतानको पासोमा पर्न सक्छ भन्ने छैन। तिनीहरूले आफ्ना पापहरूको कारण पश्चाताप गर्छन् र प्रभुसँग दयाको निम्ति विन्ति चढाउँछन्। अनि तिनीहरूको निम्ति पहल गर्ने येशूले तिनीहरूको निम्ति पहल गर्नुहुन्छ। त्यो त्यही येशू हुनुहुन्छ जसलाई कृतघ्न सैतानको आत्माले दुर्व्यवहार गरेको थियो। हृदयदेखि पश्चाताप गर्ने उहाँका जनहरूप्रति उहाँ संवेदनशील हुनुहुन्छ। उहाँले भन्नुहुन्छः “ए सैतान, परमेश्वरले तँलाई झपारोस्, ती जनहरूको निम्ति मैले प्राण दिएँ। मेरा हातका हत्केलाहरूमा तिनीहरूको नाउँ कुँढिएका छन्। तिनीहरूको चरित्र वा स्वभाव अशिद्ध वा अपरिपक्व होला। तिनीहरूको प्रयासमा तिनीहरू असफल भयो होला। तर तिनीहरूले आफ्नो पापप्रति दुःख मनाउ गरे, पछुताव गरे, त्यसकारण मैले तिनीहरूलाई क्षमा दिएको छु। तिनीहरूलाई मैले आफ्नो भनेर ग्रहण

गरेको छु।"-एलेन जी ह्वाइट, *प्रोफेटस् एण्ड किङ्गस्,* पृ. ५८८,५८९बाट रूपान्तरित।

**चिन्तनमननः**

अ. पृथ्वीमा वा स्वर्गमा परमेश्वरको न्याय, व्यवस्था वा विधि र न्यायोचितको बारेमा गरिएका प्रश्नहरू पहिलो पटक कहाँ देखापऱ्यो? तपाईंको जवाफले के भन्छन्? (विशेष गरेर स्वर्गमा हुने कुनै किसिमको न्यायको बारेमा सोच्दा त्यो जिज्ञास महत्त्वपूर्ण छ)

आ. धेरै वर्ष भयो, सेभेन्थ-डे एडभेन्टिस्ट मतका इसाईहरूले न्यायको बारेमा सन्देश प्रचार गरिरहेकाछन्। अहिलेसम्म ख्रीष्ट आउनुभएको छैन। उहाँको त्यो ढिलाईलाई के भन्ने? हामी मानव जाति भएकोले समयको बारेमा सिमित ज्ञान छ भन्ने कुरो बुझ्नु किन अत्यन्त जरूरी छ? बाइबलमा दिएका भविष्यवाणीहरूको बारेमा सोच्नुहोस्। त्यस समयमा भविष्यवाणी पूरा हुनलाई कतिपय मानिसहरू पर्खेका थिए। तिनीहरू पनि निराश हुन सक्थे होला, किनभने तिनीहरूले अपेक्षा गरेको समयमा ती भविष्यवाणीहरू पूरा भएका थिएनन्। तिनीहरूको बारेमा सोच्नुहोस्।

इ. बाइबलले सिकाएका न्यायको बारेमा धेरै इसाईहरूले विश्वास गर्छन्। (त्यो त स्वभाविकै हो किनभने त्यसको बारेमा बाइबलमा सर्वत्र फैलिएको छ)। तर स्वर्गको मन्दिरमा भइरहेको न्यायको बारेमा विचार गर्दा न्याय, आशा र प्रतिज्ञाहरू हामीलाई उपलव्ध गराएका छन् भन्ने उल्लेखनीय सत्यहरूले हाम्रो आत्मज्ञान बढाउँछ?